Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

डोरमुकाम, धनगढी, कैलाली

अछावे

पत्र संख्या: २०७५/७६
च.नं.०५६

मिति: २०७५।०९।०८

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
कैलारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
हसुलीय, कैलाली ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४/७५ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७५/०८/२८ मा छलफल पश्चात् तयार गरिएको पान नौ(९) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(तीराप्रसाद घिमिरे)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं:- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
धनगढी कैलाली । :- प्रतिवेदन संलग्न छ ।

दर्ता नं. १५०६
मिति २०७५।९।१०

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**आर्थिक कारोबारको स्थिति**

| **कार्यालय र स्थान:** कैलारी गाउं कार्यपालिकाको कार्यालय, हसुलीय, कैलाली । | | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| **आर्थिक वर्ष: २०७४।७५** | कार्यालय प्रमुख | श्री बलराम चौधरी | २०७४।०४।०१ | २०७४ मार्ग | २५,८२,५००।०० |
| | कार्यालय प्रमुख | श्री धर्मानन्द भट्ट | २०७४। पौष | २०७५।०३।३१ | |
| | लेखा प्रमुख | लेखापाल श्री गणेशदत्त भट्ट | २०७४।०४।०१ | २०७५।०३।३१ | |

**कैलारी गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को एकीकृत आर्थिक विवरण**

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ६,७६७,१०४।४४ | १ | आन्तरीक स्रोत तर्फको खर्च | | ८५४०३६५।०० |
| | क) नगद | ४६,२८४।६० | | | चालु खर्च | ३,१९४,१६०।० | |
| | ख) बैंक | ६७२०८१९।८४ | | | पूँजीगत खर्च | ५,३४६,२०५।०० | |
| २ | राजस्व (आन्तरिक आय) | | १०,६८१२४९।७५ | २ | वित्तीय हस्तान्तरण | | ३६८,७८१,५१०।४१ |
| | क) आन्तरिक राजस्व | १०,६८१२४९।७५ | | | क)वित्तीय समानीकरण अनुदान | २५३२४६,१२७।१४ | |
| | ख) राजस्व बाँडफाँड | | | | ख) सशर्त अनुदान | ११५,५३८,३८३।२७ | |
| ३ | वित्तीय हस्तान्तरण | | ४०३,११७,३८३।२७ | ३ | नेपाल सरकार बाट बिभिन्न शिषर्कमा खर्च | | ६३३७५४१३।०० |
| | क)वित्तीय समानीकरण अनुदान | २८७,५६९,०००।०० | | ४ | धरौटी फिर्ता | | ६,२९१,८३५।०० |
| | ख) सशर्त अनुदान | ११५,५४८,३८३।२७ | | ५ | मौज्दात | | ४६१६३०९९।०५ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६२१,०००।०० | | क) नगद मौज्दात | १००,५७२।५१ | |
| | क) विशेष अनुदान | ६२१,०००।०० | | | ख) बैंक मौज्दात | ४३७६४२८९।५४ | |
| ५ | धरौटी आय | | ८५९००७२।०० | | ग) धरौटी मौज्दात | २२९८२३७।०० | |
| ६ | नेपाल सरकार बाट बिभिन्न शिषर्कमा प्राप्त निकास | | ६३३७५४१३।०० | | जि.स.स. अनुदान | | ३३०,०००।०० |
| | जि.स.स. अनुदान | | ३३०,०००।०० | | पुर्ण सरसफाई कार्यक्रम | | ४०,०००।०० |
| | पुर्ण सरसफाई कार्यक्रम | | ४०,०००।०० | | | | |
| | जम्मा | | ४९३,५२२,२२२।४६ | | जम्मा | | ४९३,५२२,२२२।४६ |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक कारोबारको स्थिति

| कार्यालय र स्थान: कैलारी गाउं कार्यपालिकाको कार्यालय, हसुलीय, कैलाली । | | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| आर्थिक वर्ष: २०७४।७५ | कार्यालय प्रमुख | श्री बलराम चौधरी | २०७४।०४।०१ | २०७४ मार्ग | २५,८२,५००।०० |
| | कार्यालय प्रमुख | श्री धर्मानन्द भट्ट | २०७४। पौष | २०७५।०३।३१ | |
| | लेखा प्रमुख | लेखापाल श्री गणेशदत्त भट्ट | २०७४।०४।०१ | २०७५।०३।३१ | |

**कैलारी गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को एकीकृत आर्थिक विवरण**

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ६,७६७,१०४।४४ | १ | आन्तरीक स्रोत तर्फको खर्च | | ८५४०३६५।०० |
| | क) नगद | ४६,२८४।६० | | | चालु खर्च | ३,१९४,१६०।० | |
| | ख) बैंक | ६७२०८१९।८४ | | | पूँजीगत खर्च | ५,३४६,२०५।०० | |
| २ | राजस्व (आन्तरिक आय) | | १०,६८१२४९।७५ | २ | वित्तीय हस्तान्तरण | | ३६८,७८१,५१०।४१ |
| | क) आन्तरिक राजस्व | १०,६८१२४९।७५ | | | क)वित्तीय समानीकरण अनुदान | २५३२४६,१२७।१४ | |
| | ख) राजस्व बाँडफाँड | | | | ख) सशर्त अनुदान | ११५,५३८,३८३।२७ | |
| ३ | वित्तीय हस्तान्तरण | | ४०३,११७,३८३।२७ | ३ | नेपाल सरकार बाट बिभिन्न शिषर्कमा खर्च | | ६३३७५४१३।०० |
| | क)वित्तीय समानीकरण अनुदान | २८७,५६९,०००।०० | | ४ | धरौटी फिर्ता | | ६,२९१,८३५।०० |
| | ख) सशर्त अनुदान | ११५,५४८,३८३।२७ | | ५ | मौज्दात | | ४६१६३०९९।०५ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६२१,०००।०० | | क) नगद मौज्दात | १००,५७२।५१ | |
| | क) विशेष अनुदान | ६२१,०००।०० | | | ख) बैंक मौज्दात | ४३७६४२८९।५४ | |
| ५ | धरौटी आय | | ८५९००७२।०० | | ग) धरौटी मौज्दात | २२९८२३७।०० | |
| ६ | नेपाल सरकार बाट बिभिन्न शिषर्कमा प्राप्त निकास | | ६३३७५४१३।०० | | जि.स.स. अनुदान | | ३३०,०००।०० |
| | जि.स.स. अनुदान | | ३३०,०००।०० | | पुर्ण सरसफाई कार्यक्रम | | ४०,०००।०० |
| | पुर्ण सरसफाई कार्यक्रम | | ४०,०००।०० | | | | |
| | जम्मा | | ४९३,५२२,२२२।४६ | | जम्मा | | ४९३,५२२,२२२।४६ |

(ख) विनियोजनतर्फः

| बजेट उप–शीर्षक | कार्यक्रमको नाम | वार्षिक बजेट | निकासा | खर्च | बाँकी | पेश्की |
|---|---|---|---|---|---|---|
| ३६५०१५३ | ज्येष्ठ नागरिक दीर्घ सेवा | ५४४३७०००।०० | ५३२९४०००।०० | ५३२९४०००।०० | - | - |
| ३६५८५२३ | सिमा क्षेत्र | १५९५०००।०० | १५८१०००।०० | १५८१०००।०० | - | - |
| ३६५८५२४ | सिमा क्षेत्र | ७२५९०००।०० | ७२५९०००।०० | ७२५९०००।०० | | |
| ३६५८१९३ | स्थानीय शासन सामुदायिक विकास | ४६००००।०० | २१२४१३।०० | २१२४१३।०० | - | - |
| ३६५८१९४ | स्थानीय शासन सामुदायिक विकास | ६०००००।०० | ६०००००।०० | ६०००००।०० | | |
| ३६५८४५३ | गरीब संग विशेश्वर | ४२९०००।०० | ४२९०००।०० | ४२९०००।०० | | |
| | जम्मा | **६४७८००००।००** | **६३३७५४१३।००** | **६३३७५४१३।००** | | |

(ग) राजस्वतर्फः

| क्र.सं. | शीर्षक नं. | लगत हसबली समेत रु. | असुली रु. | दाखिला रु. | बाँकी रु. |
|---|---|---|---|---|---|
| १ | | ० | ० | ० | ० |

बजेट शीर्षक :– विभिन्न | कार्यालयको नाम – श्री कैलारी गाउँ कार्यपालिकाको कार्यालय, हसुलीय, कैलाली । | आ. व .०७४।७५

| दफा नं. | भौचर नम्बर, मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **लेखापरीक्षणको उदेश्य र क्षेत्र** : महालेखापरीक्षको स्वीकृत बार्षिक लेखापरीक्षण योजना,२०७५ लेखापरीक्षणको कार्यकम, लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहितको प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पुर्ण जिम्मेवारी व्यबस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएको ब्यहोरा उपर मिति २०७५।०८।२८ मा व्यबस्थापनसंग छलफल गरी कायम भएको व्यहोरा निम्न अनुसार छ । | | |
| | **परिचय एवं उद्देश्यः–** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रीक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीय तहको स्थापना भएको हो । नेपाल सरकार एवम् स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक कृयाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । | | |
| | **लेखापरीक्षणको कममा बिभिन्न रकम रु. १५,९००।- असुली भई दाखिला भएको छ ।** | | |
| १. | **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउंपालीकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार नगरेको, गाडीहरुको मर्मत सम्भारको विवरण (म.ले.प.फा. नं.-२) नराखेको तथा गाउंसभावाट सार्वजनिक लेखा समिति गठन गरी आय व्ययको हिसाव परीक्षण समेत गरेको देखिएन । अतः कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा प्राप्त गर्न तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईनूपर्ने देखिन्छ । | | |
| २. | **मध्यकालीन खर्च संरचना :** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ ।<br>(क) प्रस्तावित योजनाको उदेश्य,<br>(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई,<br>(ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, | | |

| दफा नं. | भौचर नम्बर, मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्यौटको विवरण |
|---|---|---|---|
| | (घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,<br>(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,<br>(छ) सञ्चालितत योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण । | | |
| ३. | **बजेट पेशः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानिय तहले राजस्व र ब्ययको अनुमान कार्यापालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र गाउ सभामा पेश गर्नुपर्ने ब्यवस्था रहेको छ । गाउं कार्यपालिकाबाट मिति २०७४।०६।०२ गते बजेट स्वीकृत भएको नदेखिएकोले कानूनको पालनामा ध्यान दिनुपर्दछ । | | |
| ४. | **प्रगति :** आर्थिक कार्यविधि निमावली, २०६४ को नियम २५ मा कार्यालयलाई प्राप्त अख्तियारी र कार्यक्रममा उल्लेखित कार्य सम्पन्न गरी सो को प्रगति प्रतिबेदन तालुक निकायमा पठाउनु पर्दछ । कार्यालयले बिभिन्न बजेट उपशिर्षकहरुमा गरेको कामको प्रगति र गाउं सभाबाट पारीत बजेट कार्यान्यन गर्दा हासिल गरेको प्रगति बिबरण तयार गरेको देखिएन । प्रगति बिबरण तयार गर्नुपर्दछ । | | |
| ५. | **सामाजिक सुरक्षा भत्ताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को १५ (ख) मा सामाजिक सुरक्षा भत्ता निजको व्यक्तिगत नाममा खोलिएको बैंक खातामा कार्यालयले रकम जम्मा गरिदिनुपर्ने व्यवस्था छ । गाउंपालिकाले संघीय सरकारको कानूनको पालना नगरी स्थानीय तहको निर्णयको आधारमा सामाजिक सुरक्षा भत्ता नगद वितरण गरेको छ । कार्यविधिको पालना गरी सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्नुपर्दछ । | | |
| ६. | **बिभिन्न कोष :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वार्षको अन्त्यमा नगरपालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विगतदेखि सञ्चालनमा राखेका कोषहरुमा देहाय बमोजिम मौज्दात देखिएको छ । नगरपालिकाले तोकिए बाहेकका कोषहरुमा मौज्दात राख्दा स्थानीय सञ्चित कोषको एकीकृत अवस्था नदेखिने तथा यस्ता कोषहरुमा रहेको रकम निस्कृय रुपमा रहने भएकोले वित्तिय स्रोतलाई समुचित परिचालन गर्नका लागि कानुन बमोजिम बाहेकका कोषहरुको मौज्दात स्थानीय सञ्चित कोषमा दाखिला गरी यस्ता प्रकृतिका कोषहरु खारेज गर्नुपर्दछ । | | |
| | (see fund table below) | | |
| ७. | **अवकाश कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहका कमएचारीले निजको सेवा शर्त सम्बन्धी कानून | | |

| सि.नं | कोषको नाम | रकम |
|---|---|---|
| १ | विपद ब्यबस्थापन कोष | २२५०९२०।९९ |
| २ | कर्मचारी कल्याण कोष | ५४५०३०।०० |
| | **जम्मा** | **२७९५९५०।९९** |

| दफा नं. | भौचर नम्बर, मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकाश कोष स्थापना गर्नूपर्ने व्यवस्था छ । गाउँपालिकाले तोकिए बमोजिम कर्मचारी अवकाश स्थापना नगरेको देखिएकोले स्थानीय सेवाका कर्मचारी अवकाश हुँदा कानून बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सबै सुविधा उपलब्ध गराउन एक अवकाश कोष स्थापना गर्नुपर्दछ । | | |
| ८. | **राजस्वको अनुमान** : गाउँपालिका कार्यालयले राजस्वको २०७४।७५ मा अनुमानित आय रु १,७७,००,०००।- गर्ने लक्ष्य तोकेकोमा रु.१०६,००,०००।- मात्र आम्दानी गरेकोले लक्ष्यको ४०% कम आम्दानी गरेकोले अनुमान यथार्थ भएको देखिएन । आम्दानीको दायरा बढाई थपआय बढाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | | |
| ९. | **नेपाल टेलिकम टावर** : गाउँपालिका कार्यालय परीसरमा नेपाल टेलिकमको टावर रहेको देखियो । उक्त टावर वापत कुनै किसिमको आय प्राप्त गरेको देखिएन । नेपाल टेलिकमसंग सम्झौता गरी आम्दानी बढाउनु पर्ने देखिन्छ । | | |
| १०. | **पदाधिकारी सुविधा** :५५-२०७४।९।३०: स्थानीय तह पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन, २०७५ को दफा १२ मा उल्लेखित सुविधा बाहेक अन्य सुविधा लिन नहुने उल्लेख छ । कार्यालयले गाउं सभाको निर्णय नं ३० मिति २०७४।६।२५ निर्णयले देहाय अनुसारको सुविधा १२ महिना भुक्तानी गरेकोले थप सुविधा रु. ३,००,०००।- भुक्तानी गरेको देखिन्छ । कानूनमा उल्लेखित सुविधा मात्र भुक्तानी गर्नुपर्दछ । छलफलको कममा कार्यालयमा तार जडान टेलिफोनको ब्यवस्था नभएकोले संचारको थप सुविधा दिनु परेको उल्लेख गरेको छ । | | |

| पदाधिकारीको पद | तोकेको संचार सुविधा रकम | भुक्तानी | बढि | पदाधिकार संख्या | बार्षिक जम्मा |
|---|---|---|---|---|---|
| अध्यक्ष | ११००।०० | २०००।०० | ९००।० | १ | १०८००।० |
| उपाध्यक्ष | १०००।० | १५००।०० | ४००।०० | १ | ४८००।०० |
| वडा अध्यक्ष | ५००।० | १०००।०० | ५००।०० | ९ | ५४०००।०० |
| वडा सदस्य | ० | ५००।०० | ५००।०० | ३२ | १९२०००।०० |
| कार्यपालिका सदस्य | ० | ८००।०० | १३००।०० | ४ | ३८४००।०० |
| जम्मा | | | | | **३०००००।००** |

| | | | |
|---|---|---|---|
| ११. | **पोशाक भत्ता :५७०७४।१०।५** प्रदेश सरकारबाट राजपत्रमा प्रकासित स्थानिय तह पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ अनुसार गाउँपालिकाका पदाधिकारीहरुलाई पोशाक भत्ता सुविधा दिने ब्यबस्था छैन । कार्यालयले गाउँ सभाको निर्णयले गाउँपालिका अध्यक्ष ,उपाध्यक्ष ,वडा अध्ययक्ष र सदस्य समेत जना ४९ लाई रु.७५००।- का दरले पोशाक भत्ता खर्च | ३६७५००।०० | |

| दफा नं. | भौचर नम्बर, मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | लेखेकोले नपाउने सुविधा भुक्तानी गरेको रु. | | |
| १२. | **कर्मचारी सुविधा :** ४।०७४।६।२७ गांउसभा संचालन गर्दा साँझ बिहान अतिरिक्त समयमा काम गरेको सुविधा भनि सभाको निणर्यले गाँउपालिकाको आन्तरीक आयबाट खर्च हुने गरी प्रमुख प्रशासकिय अधिकृत समेत जना २४ लाई १ महिनाको तलब बराबर रकम रु ४६१६६०।- प्रोत्साहन भत्ता भुक्तानी गरेको देखियो । | | |
| १३. | **पेश्की बांकी :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई लिएको पेश्की फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले २०७५ आषाढ मसान्तमा रु ३९६५०००।- पेश्की देखाएकोमा लेखापरीक्षण अबधिमा रु १७५०,०००।- फछ्र्यौट गरी देहाय बमोजिमको फर्छयौट हुन बांकी पेश्की देखाएकोले नियमानुसार समयमा नै पेश्की फछ्र्यौट हुनु पर्ने रु. | २२१५०००।०० | |

| सि.नं | पद र नाम | पेश्की रकम |
|---|---|---|
| १ | जि.स.स.पर्यटन कार्यकम | २४००००।०० |
| २ | कमल प्रसाद चौधरी डेलिगेसन पेश्की | १०००००।०० |
| ३ | मालिका ई एण्ड मेकानिकल वर्कसप | ३२५०००।०० |
| ४ | गदरीया स्वास्थ्य चौकी | १५०००००।०० |
| ५ | सुदुर संचार मन्च ,बालमैत्री घोषणा | ५००००।०० |
| | **जम्मा** | **२२१५०००।००** |

| दफा नं. | भौचर नम्बर, मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| १४. | **जिन्सी निरीक्षण प्रतिवेदन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० अनुसार कार्यालय प्रमुखले वर्षमा कम्तीमा १ पटक आफै वा प्राविधिक कर्मचारी खटाई जिन्सी मालसामानको निरीक्षण गराई प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिबेदन पेश गरेको छ । प्राप्त जिन्सी निरीक्षण प्रतिबेदन अनुसार मर्मत गर्नुपर्ने मालसमान भए ३ महिना भित्र र लिलाम गर्नुपर्ने मालसमान भए ६ महिना भित्र लिलाम विकी गरी जिन्सी अभिलेख अध्याबधिक गराई राख्नु पर्नेमा सो अनुसार गरेको देखिएन । | | |
| १५. | **आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन:** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै असूल फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजु फछ्र्यौट गरेको नदेखिएकोले कानुन बमोजिम असूल फछ्र्यौट गर्नुपर्दछ । | | |
| १६. | **न्याय सम्पादन :** स्थानिय सरकार संचालन ऐन ,२०७४को परीच्छेद ८ मा न्यायिक कार्य सम्बन्धि ब्यबस्था रहेको छ । गाउँपालिकाले ४७ देहाय अनुसारको मुद्दा रहेकोमा ४५ फछ्र्यौट भई २ मुद्दा बाँकी देखिएकोले ९५.७४% फछ्र्यौट भएको बिबरण उपलब्ध गराएको छ । | | |

| न्यायिक समितिमा प्राप्त | मेल मिलाप भएको मुद्दा | प्रक्रियामा रहेको मुद्दा | अदालत पठाएको | सम्बन्धित निकायमा | दरपिठ गरेको मुद्दा संख्या | सम्बन्ध विछेद | लेनदेन मुद्दासंख्या |
|---|---|---|---|---|---|---|---|

| दफा नं. | भौचर नम्बर, मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | (inner table below) | | |

| मुद्दा ,उजुरी तथा निबेदन संख्या | संख्या | संख्या | मुद्दासंख्या | जानकारी दिएको मुद्दा संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| ४७ | ४५ | २ | ० | ० | ० | ० | ० |

१७. **शिक्षा तर्फको शसर्त अनुदान :** गाँउपालिकाको क्षेत्र अन्तर्गतको विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई तलब वितरण गर्न गाँउपालिकामा प्राप्त हुने शिक्षा तर्फको शसर्त अनुदानको रकम उक्त अवधीमा विद्यालयमा शिक्षकहरु कार्यरत भए/नभएको यकिन गरी विद्यालयको खातामा निकासा गर्नुपर्नेमा गाँउपालिकाले केहि अवकाश प्राप्त भईसकेको शिक्षकहरुको समेत पुरै महिनाको रकम विद्यालयलाई निकासा गरेको देखियो । यसरी बढि निकासा भएको रकम सम्बन्धित विद्यालयहरुबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

| भौ.नं./मिति | विद्यालय तथा शिक्षकको नाम | निकासा दिनुपर्ने रकम | निकासा दिएको रकम | बढी निकासा रकम |
|---|---|---|---|---|
| ९/२०७४।१०।०९ | सरस्वती मा. बि., खरुवाखेरी, गदरियाको शिक्षक श्री प्रेमलाल शर्मा सिवाकोटी मिति २०७४।११।०४ मा अवकाश प्राप्त गरेको | ४,०६५।८३ | ३०,४९५।०० | २६,४२९।१७ |
| ९/२०७४।१०।०९ | राष्ट्रिय मा. बि., विचैपुरको शिक्षक श्री राम प्रसाद चौधरीले मिति २०७४।११।२१ मा अवकाश प्राप्त गरेको | २१,३४६।४७ | ३०,४९५।०० | ९,१४८।५३ |
| | **जम्मा** | **२५,४१२।३०** | **६०,९९०।००** | **३५,५७७।७०** |

बेरुजू रकम रु.: ३५,५७७.७०

१८. **बिद्यालय निकासा खाता** : कार्यालयले शिक्षा ऐन तथा नियमावलीले तोकेको ढांचामा विद्यालयलाई निकासा जाने सबै किसिमका रकम देखिने गरी निकासा खाता राख्नुपर्दछ । कार्यालयले यो बर्ष गाउंपालिका भरीका ५० भन्दा बढि आधारभूत विद्यालय र माध्यामिक विद्यालयहरुलाई तलब भत्ता, छात्रबृति रकम व्यबस्थापन अनुदान ,भौतिक निमार्ण अनुदान गरी रु ९०२९८०३७- निकासा गरेकोमा निकासा खाता अभिलेख तयार गरेको छैन । यसको असर दोहोरो तथा बढि निकासा भएको छैन भनि एकिन गर्न सक्ने अबस्था रहेको छैन ।

१९. **बित्तीय जवाफदेहिता मूल्यांकन :** कार्यालयले विभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी बित्तीय जवाफदेहिताको सर्त उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा अनुसूची-१ मा उल्लेख छ । मूल्यांकन अनुसार सरकारी सम्पत्तिको लगत, संरक्षण, जिन्सी निरीक्षण तथा सोको प्रतिवेदन कार्यान्वयन नभएको, सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय

| दफा नं. | भौचर नम्बर, मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | माध्यमबाट सेवा प्रवाह नभएको, निकायबाट प्रवाह हुने सेवाको नागरिक बडापत्र तथा सेवाको गुणस्तर सुधारका सम्बन्धमा उपयुक्त उपायहरुको अवलम्वन नभएको, जस्ता व्यहोराहरु देखिन आएकोले सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "A" ग्रेडिङ प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ । | | |
| २०. | **सम्परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा कार्यालयले गत बर्ष सम्मको बांकी बेरुजु मध्ये देहाय अनुसार रु.१४९३७५।२५.फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोमा रु.१४९३७५।२५सम्परीक्षण भएको छ । | | |
| २१. | (see table below) | | |

| सि.नं | आर्थिक बर्ष | बेरुजुको दफा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| १ | २०७३/७४ | २९ | १०००००.०० |
| २ | २०७३/७४ | ३१ | ९९३१.२५ |
| ३ | २०७३/७४ | ३३ | ३९४४४.०० |
| | | **जम्मा** | **१४९३७५.२५** |

**अनुसूची – १**

## वित्तीय जवाफदेहिता मूल्याङ्कन

कार्यालयको नाम: श्री कैलारी गाउंपालिकाको कार्यालय, हसुलिय कैलाली | आर्थिक वर्ष: २०७४/७५

| क्र.सं. | सूचकहरू (Indicators) | कूल अङ्कभार | कूल प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १. | **व्यवस्थापकीय पक्ष (सूचक संख्या : ५)** | | ०-५ | |
| i | संगठन संरचना, दरबन्दी र पदपूर्ती, कार्यविवरण तथा जिम्मेवारी बाँडफाँडको स्थिति, | ५ | ५ | |
| ii | सञ्चालित कार्यक्रम वा सेवाको अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता, | ५ | ४ | |
| iii | कार्यालयको भौतिक पूर्वाधार तथा सरसफाईको अवस्था, | ५ | ४ | |
| iv | गुनासो सुनुवाई तथा तालुक निकायबाट हुने निरीक्षण र निर्देशन कार्यान्वयको अवस्था, | ५ | ५ | |
| v | सरकारी सम्पत्तिको लगत, संरक्षण, जिन्सी निरीक्षण तथा सोको प्रतिवेदन कार्यान्वयन स्थिति | ५ | ४ | |

| | | | | |
|---|---|---|---|---|
| २. | **वित्तीय व्यवस्थापन पक्ष (सूचक संख्या : ५)** | | ०-५ | |
| i | निकायको नीति तथा कार्यक्रम, बजेट तर्जुमा र कार्यान्वयनको स्थिति, | ५ | ५ | |
| ii | विनियोजन, राजस्व, धरौटी लगायत सबै आर्थिक कारोबार अभिलेख र प्रतिवेदनको अवस्था, | ५ | ४ | |
| iii | आन्तरिक लेखापरीक्षण र सोबाट औंल्याइएका व्यहोरा कार्यान्वयनको स्थिति, | ५ | ४ | |
| iv | अन्तिम लेखापरीक्षणबाट औंल्याइएको बेरुजूको लगत र फछ्र्यौटको स्थिति, | ५ | ५ | |
| v | वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था । | ५ | ५ | |
| ३. | **सेवा प्रवाह (सूचक संख्या : ५)** | | ०-५ | |
| i | कार्यालयमा रहेका सेवा प्रवाहसँग प्रत्यक्ष सरोकार राख्ने मेसिन तथा उपकरणहरु प्रयोग रहे नरहेको, | ५ | ५ | |
| ii | सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाहको स्थिति, | ५ | ५ | |
| iii | सेवा मापदण्ड निर्धारण, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली, हेल्प डेस्क प्रणाली कार्यान्वयनको अवस्था | ५ | ४ | |
| iv | निकायबाट प्रवाह हुने सेवाको नागरिक बडापत्र तथा सेवाको गुणस्तर सुधारका सम्बन्धमा उपयुक्त उपायहरुको अवलम्वन, | ५ | ५ | |
| v | कार्यालयको सेवामा मध्यस्थ वा विचौलिया उपस्थितिको अवस्था । | ५ | ५ | |
| ४. | **खरिद व्यवस्थापन/विकास निर्माण (सूचक संख्या : ५)** | | ०-५ | |
| i | खरिद कार्यको स्पेसिफिकेसन, डिजाइन र लागत अनुमान यथार्थताको अवस्था, | ५ | ४ | |
| ii | खरिद विधिको पालना र प्रतिस्पर्धाको स्थिति, | ५ | ४ | |
| iii | ठेक्का व्यवस्थापनमा समयतालिकाको पालना र पुँजीगत खर्चको स्थिति, | ५ | ४ | |
| iv | ठेक्काको सम्झौताअनुसार खरिद कारबाहीको सम्पन्नता तथा सम्झौताअनुसार खरिद कार्य नभएको अवस्थामा त्यसउपर गरिएको कारबाहीको स्थिति, | ५ | ५ | |
| v | तोकिएको मापदण्डअनुसार सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निर्क्यौलको स्थिति | ५ | ४ | |
| | कूल पूर्णाकः १०० प्राप्ताङ्कः ८८ प्रतिशतः ८८ % प्राप्त ग्रेडिङः A | १०० | ८८ | |

| तह | स्कोर | ग्रेडिंग प्रदान गर्ने आधारः |
|---|---|---|
| अति उत्तम | ८० – १०० प्रतिशत | A |
| धेरै राम्रो | ६० – ७९ प्रतिशत | B |
| राम्रो | ४० – ५९ प्रतिशत | C |
| सामान्य | ४० भन्दा घटी प्रतिशत | D |